जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCCMC) सिन्धुलीद्वारा प्रकाशित

कोभिड-१९सम्बन्धी सिन्धुली जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

अंक ३ संवत २०७७ साल असार ३१ गते बुधवार

daosindhuli.moha.gov.np

**बन्दाबन्दीको ११४ औ दिन**

**सिन्धुली जिल्लामा कोभिड-१९ को अवस्था**

| पिपिइ सेट मौज्दात | थर्मल गन मौज्दात | क्वारेन्टिन बेड संख्या | आइसोलेसन वेड संख्या |
|---|---|---|---|
| ४८७ | १५५ | ४३५ | ३३ |

| क्वारेन्टिनमा | | आइसोलेसनमा | | RDT परीक्षण | | PCR परीक्षण | |
|---|---|---|---|---|---|---|---|
| रहेका | फिर्ता | रहेका | फिर्ता | परीक्षण | पोजेटिभ | परीक्षण | पोजेटिभ |
| १३४ | ५३२ | ४ | २३ | ११९९ | ३४ | ८६९ | ११ |

| संक्रमित व्यक्ति | निको भई फिर्ता |
|---|---|
| ११ | ७ |

### स्वास्थ्य सुरक्षा अपनाऔ, कोरोना विरुद्ध हात धोएर लागौं

विश्वव्यापी महामारीको संक्रमण रोक्थाम, नियन्त्रणका लागि जारी बन्दाबन्दी आदेश हाम्रै जीवन रक्षाका लागि हो । हालसम्म ठोसरुपमा कोरोना भाइरसको कुनै औषधि विकास नभइ सकेको अवस्थामा सावधानी र सतर्कता नै कोभिड-१९ बाट वच्ने उपाय हो ।

नेपाल सरकारले संक्रामक रोग ऐन, २०२० को दफा २ वमोजिम जारी गरेको बन्दाबन्दीको आदेश हाल साउन ६ गतेसम्म कायम रहेको छ । यस अवधिमा संक्रमण जोखिम रोक्न जिल्लाबासीहरुले पुर्‍याउनुभएको सहयोग उल्लेख्य रहेको छ । यद्यपी हालका केही दिनहरुमा स्वास्थ्य सुरक्षामा लापरवाही हुन थालेको भन्ने महसुस हुन थालेको छ । मास्क, स्यानीटाइजर, सामाजिक दूरी र प्रतिरोध क्षमता नै कोराना विरुद्धको हाम्रो अस्त्र हो भन्ने तथ्यलाई हामी सवैले पुनः मनन गर्नुपर्ने अवस्था देखिन्छ । कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि सरोकारवालाहरुसंग यस जिल्लामा नियमित रुपमा बैठक छलफल भइरहेको छ ।

जनप्रतिनिधि, स्वास्थ्यसंस्था, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा कर्मचारीहरु कोरोना नियन्त्रण र रोकथामका लागि तयार र तत्पर रहेका छौं । यस महामारीको प्रतिरोधका लागि सबै पक्षबाट डिसिसिएमसीका निर्णयहरु कार्यान्वयन गर्न पूर्ववत जस्तै साथ र समर्थनको अपेक्षा गर्दछौं ।

## बन्दाबन्दी केही खुकुलो

## जिल्लाभित्र जोर विजोरका आधारमा सवै सवारी चल्न पाउने

## अन्तरजिल्लाका लागि पास चाहिने

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०३/२३ को निर्णयानुसार यस पूर्व मन्त्रिपरिषद्को मिति २०७७/०२/२८ र मिति २०७७/०३/१५ मा जारी गरेको आदेशमा संशोधन गरी जिल्ला भित्र जोर विजोर प्रणालीका आधारमा सार्वजनिक सवारी साधन चल्न दिने गरी बन्दाबन्दी खुकुलो पारिएको छ ।

काठमाडौं उपत्यकाको हकमा उपत्यकाभर र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र जोर बिजोर प्रणालीमा निजी तथा सार्वजनिक सवारी साधन आवत जावत गर्न सकिने व्यवस्था भएको छ ।

निजी सवारी साधनमा चालक बाहेक थप २ जनासम्म र परिवारभित्रका ५ वर्षसम्मका बालबालिका सवार हुन सक्ने छन् । त्यसै गरी ट्याक्सीमा चालकबाहेक बढीमा २ जनासम्म र परिवारभित्रका ५ वर्षसम्मका बालबालिका सवार हुन सक्ने छन् ।

यात्रुबाहक सार्वजनिक यातायातमा भने चालकसहित सिट क्षमताको बढीमा ५० प्रतिशत यात्रु रहनुपर्ने, एक पङ्क्तिको सिटमा १ जना मात्रै राख्ने, सबै




यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, सवारी साधनमा यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र स्यानिटाइजरको व्यवस्था गर्ने, चालक तथा सहचालकलेसमेत अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने र सवारी साधनलाई दैनिक निसङक्रमित गर्ने गरी संचालन गर्न सक्ने व्यवस्था गरिएको छ ।

यो व्यवस्था लागू रहँदासम्मका लागि ट्याक्सीबाहेक अन्य सवारी साधनका हकमा तोकिएको भाडा दरको पचास प्रतिशतसम्म थप भाडा लिन पाउने व्यवस्था रहेको छ ।

उद्योग, प्रतिष्ठान र निजी सेवाप्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसारमा प्रयोग हुने सवारी साधनले समेत सिटको एक लहरमा एक जना यात्रु मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसङक्रमित गर्नुपर्ने व्यवस्था गरिएको छ ।

## जनस्वास्थ्य मापदण्ड पालनामा कडाई,

## जोखिम भयाबह हुन सक्ने तर्फ सचेत रहन आग्रह

बन्दाबन्दीको अवधिमा जनजीवन सहजीकरणका लागि जोखिमको मूल्याङ्कनका आधारमा नेपाल सरकारको निर्णयानुसार न्यूनतम स्वास्थ्य मापदण्ड पालन गर्ने शर्तमा केही सेवा र कार्यहरु सञ्चालन भएकोमा जनसाधारणबाट हेलचेक्र्याँइ बढेको र यस तर्फ बेवास्ता गर्दा संक्रमणको जोखिम बढ्न सक्ने हुँदा कडाइ गरिएको छ।

गृह मन्त्रालयको मिति २०७७/०३/२२ को निर्देशन तथा डिसिसिएमसी सिन्धुलीको निर्णयानुसार जिल्लावासी सवैमा न्यूनतम २ मिटरको सामाजिक दूरी कायम गरी मास्क र स्यानिटाइजरको अनिवार्य प्रयोग गर्न, अनावश्यक भिडभाड नगर्न, सेवा प्रदायक निकाय वा संस्थाले पनि स्वास्थ्य र सुरक्षाका न्यूनतम मापदण्ड पालना गर्न गराउन, पटक पटक साबुन पानीले हात धुन एवं स्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालन गर्न अनुरोध गरिएको छ ।

आदेशको विपरीत हुने गरी न्यूनतम स्वास्थ्य सुरक्षाका मापदण्ड पालना नगरी, मास्क विना मानिसहरुको आवतजावत हुने, भिडभाड गर्ने, सामाजिक दूरी कायम नगर्ने प्रवृत्तिले कोभिड-१९ को जोखिम भयावह हुने अवस्था विद्यमान रहेकोले जनस्वास्थ्य र सुरक्षा मापदण्ड कडाई पूर्वक पालना गर्ने गराउने, मास्कको प्रयोग अनिवार्य गराउने भएको हो । यस आदेशको अटेर गर्नेलाई संक्रामक रोग ऐन, २०२० बमोजिम कडाई पूर्वक कारवाही गरिने भएकोले यसको पालना गर्न गराउनहुन डिसिसिएमसीले जिल्लावासी सवैलाई अनुरोध गरेको छ ।

# काठमाडौं उपत्यकाको प्रवेश पास थप व्यवस्थित

## गन्तव्य स्थानीय तहको सिफारिसका आधारमा १४ दिन क्वारेन्टिन बस्ने शर्तमामात्र पास जारी हुने

सवारी पास अनुमति नलिइ वा प्रयोजन बाहेक यात्रा गर्दा यात्रुहरु बीच बाटोमै अलपत्र पर्ने गरेको तथा सवारी पास अनुमति विना अन्तर जिल्ला आवागमन हुने क्रम बढिरहेको अवस्थामा गृह मन्त्रालयको मिति २०७७।०३। ११ गतेको निर्णयानुसार गन्तव्य स्थानको सम्बन्धित स्थानीय तहको सिफारिस र गन्तव्य जिल्लाको जिल्ला प्रशासन कार्यालयको सहमति प्राप्त भएपछि मात्र काठमाडौं उपत्यका प्रवेशका लागि पहेंलो रंगको सवारी पास जारी गरिने भएको छ । अत्यावश्यक अवस्थाका व्यक्तिहरुलाई मात्र सवारी पास अनुमति जारी हुने र पास लिंदा पेश गरेका कागजपत्रहरु उपत्यका प्रवेश गर्ने नाकाहरुमासमेत चेकजाँच हुने हुँदा त्यस्ता कागजपत्र समेत साथमै राखी यात्रा गर्नहुनसमेत डिसिसिएमसीले जानकारी गराएको छ ।

मन्त्रालयको मिति २०७७।०३। १२ को निर्देशन अनुसार काठमाडौं उपत्यकाका जुनसुकै जिल्लामा प्रवेश गर्नका लागि भए पनि बागमती प्रदेश अन्तर्गतको सिन्धुली जिल्लाको हकमा जिल्ला प्रशासन कार्यालय काठमाडौंको सहमति आवश्यक पर्ने छ ।

त्यसै गरी गण्डकी प्रदेश र प्रदेश नं. ५ का जिल्लाहरुलेसमेत काठमाडौंको सहमतिका आधारमा मात्र पास जारी गर्न सक्ने व्यवस्था रहेको छ । गन्तव्य जिल्लाको सम्बन्धित स्थानीय तहको लिखित सहमति पत्रको हकमा भने यस अघिकै जस्तै आफू बसोबास गर्ने सम्बन्धित स्थानीय तहकै सिफारिस आवश्यक पर्ने गरी निरन्तरता दिइएको छ ।



**असार महिनाको २९ गते सम्ममा जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट उपत्यका प्रवेश गर्न जारी पासको संख्या**

| प्रयोजन | असार १२ | १३ | १४ | १५ | १७ | १८ | १९ | २० | २२ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विरामी उपचार | | 1 | 3 | 2 | 11 | 5 | 4 | 4 | 1 | 4 | 1 | 6 | 5 | 1 | 1 | | 3 | 52 |
| अत्यावश्यक काम | | | | 1 | | | 1 | 1 | 1 | 1 | | 1 | 1 | 2 | | | 1 | 10 |
| कार्यालयको काम | | | | | | 1 | | | 1 | 1 | 1 | 2 | 2 | 1 | | 1 | | 10 |
| कर्मचारी हाजिर हुन | 1 | | | | 1 | | 1 | | 2 | 1 | | 1 | | 2 | | 1 | | 10 |
| बसोबास भएको | | | | | 1 | | | | 1 | 1 | | 1 | | 1 | | | | 5 |
| घर फर्कन | | | | | | 1 | 1 | | 1 | | | | | | | | | 3 |
| मृत्यु संस्कार | | | | | | | 1 | 1 | | | 1 | | | | | | | 3 |
| बैवाहिक कार्य | | | | | | | | 1 | | | | 1 | | | | | | 2 |
| पितृ कार्य | 1 | | | | | | | | | | | | | | | | | 1 |
| जम्मा | 2 | 1 | 3 | 3 | 13 | 7 | 8 | 7 | 7 | 8 | 3 | 12 | 8 | 7 | 1 | 2 | 4 | 96 |

नोटः प्रति पास सरदर ३ जनाको दरले यात्रा गर्ने अनुमति प्रदान गरिएको देखिँदा कुल २८८ संख्यामा यात्रुहरु लाई प्रस्थान अनुमति दिइएको देखिन्छ ।

# काठमाडौ उपत्यका तथा अन्तर जिल्ला सवारी साधन पास जारी गर्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, सिन्धुलीबाट जारी गरिएको सूचना

कोभिड-१९ को संक्रमण रोकथाम तया नियन्त्रणको लागि गृह मन्त्रालयको च.नं. ६३९ मिति २०७७/३/११ को पत्रानुसार सवारी साधन अनुमतिका सागि निम्नानुसारका कागजातहरु तथा प्रकृया अबलम्बन गर्न गराउनु हुन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ ।

१. गन्तव्य जिल्लाको सम्बन्धित स्थानीय तहको लिखित सहमती भएको पत्रसाथ निवेदन पेश गर्ने ।

२. सवार हुने व्यक्तिले गन्तव्य जिल्लाको स्थानीय तहले व्यवस्था गरे अनुसार १४ दिन क्वारेन्टिनमा बस्ने लिखित प्रतिबद्धता पत्र समावेश गर्ने ।

३. त्यसपश्चात यस जिल्ला प्रशासन कार्यालयबाट सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सहमतीको लागि लेखी पठाइने छ र सहमती प्राप्त भएपछि मात्र यस कार्यालयबाट सवारी पास जारी गरिने छ ।

४. सवारी पास माग गर्दा सम्बन्धित व्यक्तिले आफ्नो निवेदनमा निम्नानुसारको विवरण अनिवार्य रुपमा भर्नु पर्ने, अन्यथा उक्त निवेदनको कारवाही प्रक्रिया अगाडी बढाइने छैन ।

- काठमाडौँ उपत्यका तथा अन्य जिल्लामा जानु पर्ने प्रयोजन :-
- सवारी धनीको नामथर
- सवारी साधनको किसिम :- कार/जिप/मोटरसाइकस/स्कुटर/अन्य
- सवारी साधन नं. :-
- प्रयोगकर्ताहरुको नामथर र सम्पर्क नम्बर :-
- सवारी चालकको नामथर र सम्पर्क नम्बर :-
- काठमाडौ उपत्यका तथा अन्य जिल्ला प्रवेश गर्ने मिति :.
- उपत्यकाको हकमा प्रवेश गर्ने नाका:- नागढुङ्गा/दक्षिणकाली/टोखा छहरे/सागा/साँखु/
- प्रयोग गर्ने गन्तव्य स्थान (जिल्ला, मनपा/न.पा., वडा नं. र टोलसमेत) :-
- १४ दिन क्वारेन्टिन (एकान्तबास) मा बस्न मन्जुरी भए/नभएको ।

# सवारी पास अनुमति व्यवस्थामा कडाइ

## पास विना चलाए वा अन्य यात्रु राखे तत्काल नियन्त्रणमा लिई कारवाही गरिने

गृह मन्त्रालयको मिति २०७७।०३।२२ को परिपत्र अनुसार बन्दाबन्दीको अवधिमा जारी हुने सवारी पासको व्यवस्थालाई थप प्रभावकारी बनाउने क्रममा पास नलिइ सवारी साधन चलाउनेको सवारी साधन तत्कालै नियन्त्रणमा लिई कारवाही गरिने भएको छ।

यसका साथै पासमा तोकिएको बाहेक अन्य प्रयोजनमा सवारी साधन प्रयोग गर्ने तथा सवारी पास अनुमतिमा उल्लेख भए बाहेकका यात्रु राखेको पाईएमासमेत कारवाही गरिने भएको हो।

सवारी साधन जिल्लाभित्र प्रवेश र जिल्ला बाहिर प्रस्थान हुने सीमा विन्दुमा सवारी पास अनुमति अनुसार भए/नभएको चेकजाँच गर्ने र चेकजाँचको क्रममा सवारी पास अनुमति नलिई सञ्चालन भएका तथा सवारी पास अनुमतिमा उल्लेख भए बाहेकका यात्रु राखेको पाईएमा तत्काल सवारी साधन नियन्त्रणमा लिई कानून बमोजिम कारवाही गरिने छ।

यसका साथै काठमाडौं उपत्यका प्रवेश गर्नका लागि सवारी पास अनुमति लिएका सवारी साधनको हकमा प्रवेश विन्दुमा सवारी पास अनुमति चेकजाँच गरिने यसरी चेकजाँच गर्दा अघिल्लो जिल्लाले आफ्नो प्रस्थान सीमा विन्दुमा चेकजाँच गरे/नगरेकोसमेत हेरिने छ। पासमा उल्लेख भए बमोजिम यात्रु रहे/ नरहेको, स्वास्थ्य प्रोटोकल पालना भए/नभएको यकिन गरी दुरुस्त भए सुरक्षाकर्मीले सवारी पास अनुमतिको पछाडि दस्तखत गरी कार्यालयको छापसमेत लगाई प्रस्थान अनुमति दिने व्यवस्था गरेको छ।

जिल्लाबाट अत्यावश्यक काम बाहेक अन्य प्रयोजनको लागि सवारी पास अनुमति जारी नगर्ने र सार्वजनिक यातायात (बस, मिनिबस, माइक्रोबस) लाई सवारी पास अनुमति जारी नगर्ने साथै अन्तर जिल्ला सवारी साधन आवागमनमा कडाईका साथ चेकजाँच गर्न परिपत्रबाट निर्देशन भएअनुसार सिन्धुली जिल्लामासमेत व्यवस्था मिलाइएको छ।

### जिल्ला सदरमुकाम आवतजावत गर्दा क्वारेन्टिन अनिवार्य

कोभिड-१९ को बढ्दो संक्रमणलाई दृष्टिगत गर्दै काठमाडौं, पोखरा, बिराटनगर, नेपालगञ्ज बुटवल, भैरहवा, बिरगंज, धनगढी, जनकपुर लगायत जनघनत्व बढी भएका शहर तथा जिल्ला सदरमुकाममा आवतजावत गर्दा अनिवार्य रुपमा १४ दिन स्थानीय तहका क्वारेन्टिन वा होम क्वारेन्टिनमा बस्ने व्यवस्था भएपछि मात्र आवागमनको अनुमति दिइने भएको हो।

गृह मन्त्रालयको मिति २०७७।०३। १५ को निर्देशन अनुसार माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूको समुपस्थितिमा मिति २०७७। ०३। १० गते कोभिड-१९ रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धमा बसेको बैठकले यस्तो निर्णय गरेको हुँदा यस व्यबस्थाको कडाईका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ।

# बन्दाबन्दी साउन ६ गतेसम्म निरन्तर

## जोखिम विश्लेषणका आधारमा जिल्लाको सम्पूर्ण भू-भाग वा कुनै क्षेत्रमा सिल गर्न सकिने

नेपाल सरकार, मन्त्रिपरिपद्को मिति २०७७/०२/२८ गतेको निर्णयानुसार संक्रामक रोग ऐन. २०२० को दफा २ वमोजिम जारी गरिएको आदेशलाई मिति २०७४ साउन ६ गते मङ्गलबार मध्यरातसम्मका लागि नेपालभर लागू हुने गरी निरन्तरता दिइएको छ।

गृह मन्त्रालयको मिति २०७७/०३/१६ को पत्रबाट नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०३/१५ को निर्णय कार्यान्वयन सम्बन्धमा लेखि आएको छ। यस अनुसार जारी आदेशको क्रमसङ्ख्या २ को खण्ड (फ) पछि खण्ड (व) थप गरी माथी जुनसुकै व्यहोरा लेखिएको भएतापनि कोभिड-१९ को संक्रमणको जोखिम विश्लेषणका आधारमा जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र, कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी जिल्लाको सम्पूर्ण भू-भाग वा कुनै क्षेत्रमा बन्द गराउन वा सिल गर्न सक्ने व्यवस्था थप गरिएको छ।

नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्नेसम्बन्धी आदेश, २०७७ मा उल्लेख भए बाहेक कोभिड-१९ रोगको संक्रमणबाट सुरक्षित रहनका लागि नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन मिति २०७७ साउन ६ गते मंगलवार मध्यरातसम्मका लागि स्थगित गरिएको छ। तर, मालसामानको ढुवानीलाई यथावत कायम राख्ने।

# कार्यालयहरु दुइ सिफ्टमा संचालन भइरहेको वारे सूचना

**नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/२/२८ गतेको निर्णयानुसार यस जिल्लामा रहेका सबै सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैर सरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा बित्तिय संस्थाहरु मिति २०७७/३/१ गते सोमवार देखि विहान ८:०० बजे देखि दिउँसो १:०० बजेसम्म र दिउँसो १:०० बजे देखि साँझ ६:०० बजेसम्म दुई सिफ्टमा गरी संचालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।**

**पुनश्च : सेवा प्रवाह गर्ने सम्बन्धमा सेवा लिने र सेवा दिने दुवैले कम्तीमा दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, साबुन पानीले हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्डहरु अनिवार्य रुपमा पालना गर्न हार्दिक अपिल गर्दछौं।**

## बाढी तथा पहिरोबाट जोगिन उच्च सर्तकता अपनाऔं

जल तथा मौसम विज्ञान विभागबाट २०७७।०३।२२ गते प्रकाशित विशेष मौसम बुलेटिन अनुरुप मनसुन न्यून चापिय रेखा नेपालको तराइ भू-भाग नजिक रहने भएकाले यही असार २५ गतेबाट नेपालमा मनसुन सक्रिय हुने भएको छ ।

यसबाट नेपालका धेरैजसो ठाँउहरुमा लगातारको वर्षाको साथै तराइका केही र पहाडका थोरै स्थानमा भारी बर्षासमेत हुन सक्ने भनी अनुमान गरिएको छ । यससंगै पहाडी भूभाग भू-क्षय हुने, पहिरो जाने, सडक यातायात प्रभावित हुने तथा ढल/पानीको राम्रो निकास नभएको ठाउँमा डुबानसमेत हुन सक्ने भएकोले सबैले सतर्कता अपनाउनहुन अनुरोध छ ।

मनसुनका कारण हुन सक्ने बाढी, पहिरो एवं डुवान जस्ता प्रकोपबाट मानवीय एवं भौतिक क्षति कम गर्न मनसुन पूर्वतयारीमा जुट्नुपर्ने अवस्था आइसकेको छ । वर्षायामको मौसम सुरु भइसकेको अवस्थामा विश्वव्यापीरुपमा रहेको कोरोना भाइरसबाट सृजित संकटको यस घडीमा प्राथमिकताका साथ मनसुन पुर्वतयारीमा समेत लाग्न सरोकारवाला सवै निकायहरुलाई अनुरोध छ ।

## आवश्यक सम्पर्क नम्वर

| कार्यालयको नाम | कार्यालय प्रमुखको नाम | दर्जा/पद | मोवाइल नम्वर |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | योगेन्द्र प्रसाद पाण्डे | प्र. जि. अ. | 9854067777 |
| वर्दबहादुर गण | विजय थापा | प्रमुख सेनानी | 9851195711 |
| जिल्ला प्रहरी कार्यालय | रन्जु सिग्देल | प्रहरी उपरीक्षक | 9854065555 |
| सशस्त्र प्रहरी बल, आश्रित गुल्म | गोपि कृष्ण भटराई | स.प्र.ना.उ. | 9851258691 |
| राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | हेमन्त चौधरी | प्रमुख अनुसन्धान अधिकृत | 9845391666 |
| जिल्ला समन्वय समितिको कार्यालय | डिक बहादुर कार्की | जिल्ला समन्वय अधिकारी | 9854087222 |
| सिन्धुली अस्पताल | डा. लक्ष्मण खड्का | मे.सु. | 9854042342 |
| स्वास्थ्य कार्यालय सिन्धुली | जितेन्द्र कुमार सिंह | जिल्ला जनस्वास्थ्य प्रमुख | 9868815087 |
| कमलामाई नगरपालिकाको कार्यालय | पुरुषोत्तम सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | 9854050111 |
| दुधौली नगर कार्यपालिकाको कार्यालय | दिपेन्द्र पौडेल | प्रमुख प्रशासकीय अधिकृत | 9854052111 |
| गोलन्जोर गाउँकार्यपालिकाको कार्यालय, ल्वाल्टार | अर्जुन दर्जी | प्रमुख प्रशासकीय अधिकृत | 9854042620 |
| घ्याङलेख गाउँकार्यपालिकाको कार्यालय,हायुटार | रामकुमार कार्की | प्रमुख प्रशासकीय अधिकृत | 9854041891 |
| तीनपाटन गाउँकार्यपालिकाको कार्यालय,लाम्पानटार | विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | 9854042220 |
| फिक्कल गाउँकार्यपालिकाको कार्यालय,खाङसाङ | टंकनाथ घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | 9849755700 |
| मरिण गाउँकार्यपालिकाको कार्यालय,कपिलाकोट | विनोदकुमार पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | 9854044130 |
| सुनकोशी गाउँकार्यपालिकाको कार्यालय,रामटार | विकास सुन्दास | प्रमुख प्रशासकीय अधिकृत | 9851130036 |
| हरिहरपुरगढी गाउँकार्यपालिकाका कार्यालय,झनझने | देवेन्द्र सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | 9854042881 |

# सलहको संभावित प्रकोपबाट सतर्कता अपनाउन अनुरोध

हालै मात्र नेपालका कतिपय स्थानहरुमा सलह किरा भित्रिएसँगै सिन्धुली जिल्लामा पनि फाट्टफुट्ट रुपमा सलह देखिएको छ । सलह किराको वथानबाट हुन सक्ने सम्भावित कृषि वाली जोखिमलाई नियन्त्रणका लागि सतर्क रहन सवैमा अनुरोध गरिएको छ ।

विभिन्न श्रोतहरुमा उल्लेख भए अनुसार सलह (Schistocerca gregaria) फट्याङ्ग्रा जातको किरा हो । यो दिनमा सक्रिय हुन्छ र रातमा आराम गर्दछ । यसले बिरुवाका पातहरू खाएर बालीलाई सखाप पार्न सक्छ। यसैले जिल्लाका कुनै स्थानमा सलहको गतिविधि देखिएमा तुरुन्त नजिकैकै प्रहरी इकाइ, स्थानीय तहलाई जानकारी गराउनहुन र यसरी जानकारी गराउँदा सलहको झुण्डहरु कुन दिशाबाट आएको र कुन दिशातिर जाँदैछन्/बसेका छन् वा गए भन्नेसमेत एकिन गर्नुहुन अनुरोध गरिएको छ । सिन्धुली जिल्लामा स्थानीय तहका कृषि प्राविधिक तथा किसानहरुसंग सम्वादमार्फत विवरण संकलन तथा जोखिम मूल्यांकन भइरहेको छ ।

### सलह ल्याए प्रति के.जी. ३० रुपैयामा खरिद गर्ने

यसैगरी मिति २०७७ असार १५ गते कमलामाई नगरपालिकाका प्रमुख खड्ग बहादुर खत्रीको संयोजकत्वमा बसेको स्थानीय विपद व्यवस्थापन निर्देशक तथा समन्वय समितिको वैठकले सलहको प्रकोप न्यूनीकरण एवं निराकरण गर्न सलह संकलन गर्ने कार्यलाई प्रोत्साहन गर्नका लागि स्थानीय वासिन्दाहरुले सलह समाति संकलित सलह प्रति के.जी. ३० रुपैयाको दरले वडा स्तरमा खरिद गर्ने निर्णय गरेको छ । यसका साथै सलहको संक्रमणलाई रोक्न स्थानीय स्तरमा जनचेतना एवं स्थानीय उपायहरु अवलम्वन गर्न प्रोत्साहन गर्नेसमेत निर्णय गरेको नगरपालिकाले जनाएको छ ।



# कोभिड-१९ संकट व्यवस्थापनमा डिसिसिएमसी सिन्धुलीको सक्रियता

## मास्क प्रयोग नगरी कार्यालय प्रवेश गर्न नपाइने, सुरक्षा मापदण्ड पालनाका लागि सबैमा अनुरोध, नगर्नेमाथि कारवाही हुने



सिन्धुली जिल्लामा कोरोना संक्रमणको जोखिम कायमै रहेको हुँदा यस्तो अवस्थामा अझै सतर्कता अपनाउन जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (डिसिसिएमसी) सिन्धुलीले जिल्लाबासी सवै दाजुभाई दिदीबहिनीहरुलाई अनुरोध गरेको छ ।

डिसिसिएमसी सिन्धुलीको मिति २०७७।३।२३ गते मंगलबार भएको बैठकले सेवाग्राही जम्मा हुने कार्यालयहरु तथा अन्य व्यापारिक स्थानहरुमा व्यक्तिगत सुरक्षाका मापदण्डहरु पुर्णरुपमा पालना गर्न गराउन, त्यस्ता भिडभाड हुने ठाउँहरुमा नजान र जानै परे अनिवार्य रुपमा मास्क तथा स्यानिटाइजरको प्रयोग गर्न अनुरोध गरेको हो ।

प्रमुख जिल्ला अधिकारी अधिकारी श्री योगेन्द्र प्रसाद पाण्डेको अध्यक्षतामा भएको बैठकले सबै सरकारी तथा गैरसरकारी कार्यालय तथा संघ संस्थाले मास्क प्रयोग नगरेका सेवाग्राहीलाई कार्यालय प्रवेश विन्दुमा नै अनिवार्य रुपमा रोक लगाई कार्यालय भित्र प्रवेश गर्न नदिने व्यवस्था अपनाउन परिपत्र गर्नेसमेत निर्णय गरेको छ ।

बैठकले व्यक्तिगत सुरक्षाका मापदण्ड पालना नगरी वा मास्क प्रयोग नगरी घरबाहिर निस्कने उपर संक्रामक रोग ऐन, २०२० बमोजिम कडाई पूर्वक कारवाही गर्ने साथै सवारी पास चेकजाँचको व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाउने समेत निर्णय गरेको छ ।

### २०७७ जेठ र असार महिना भरमा कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (डिसिसिएमसी) सिन्धुलीको बैठकका निर्णयहरु

डिसिसिएमसी सिन्धुली

मिति २०७७।३।२३ गते मंगलबार

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ को संक्रमण रोकथामका लागि नेपाल सरकारबाट जारी बन्दाबन्दीको अवस्थामा नागरिकहरुको जीवनयापनलाई सहज बनाउन विगतमा विभिन्न निर्णयहरु भएका छन् । जारी बन्दाबन्दीको अवस्थामा नागरिक तथा सेवाग्राहीहरुले व्यक्तिगत सुरक्षाका मापदण्ड पालना नगरेको, न्यूनतम २ मिटरको सामाजिक दूरी कायम गरी मास्क र स्यानिटाइजरको प्रयोग नगरेको पाइएकोले कोभिड–१९ को संक्रमण जोखिम बढ्दै जाने सम्भावना देखिएको छ । अतः सेवाग्राही जम्मा हुने कार्यालयहरु तथा अन्य व्यापारिक स्थानहरुमा व्यक्तिगत सुरक्षाका मापदण्डहरु पुर्णरुपमा पालना गर्न गराउन, त्यस्ता भिडभाड हुने ठाउँहरुमा नजान र जानै परे अनिवार्य रुपमा मास्क तथा स्यानिटाइजरको प्रयोग गर्न सम्पूर्ण जिल्लाबासी दाजुभाई दिदीबहिनीहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. सबै सरकारी तथा गैरसरकारी कार्यालय तथा संघ संस्थाले मास्क प्रयोग नगरेका सेवाग्राहीलाई कार्यालय प्रवेश विन्दुमानै अनिवार्य रुपमा रोक लगाई भित्र प्रवेश गर्न नदिने व्यवस्था अपनाउन सवै सरकारी तथा गैरसरकारी कार्यालयहरुलाई जिल्ला प्रशासन कार्यालयले परिपत्र गर्ने।

३. व्यक्तिगत सुरक्षाका मापदण्ड पालना नगरी वा मास्क प्रयोग नगरी घरबाहिर निस्कने उपर संक्रामक रोग ऐन, २०२० बमोजिम कडाई पूर्वक सुरक्षा निकायहरुले कारवाही गर्ने ।

४. नेपाल सरकार गृह मन्त्रालय, आन्तरिक प्रशासन तथा सभा समारोह व्यवस्थापन शाखाको पत्र संख्या आ.प्र.स.स.व्य.०७६/०७७ च.नं. ६६६ मिति २०७७/३/२२ को पत्रबाट लेखि आएको सवारी पास व्यवस्थित गर्ने विषयको परिपत्रमा उल्लेख भए बमोजिम सवारी पास चेकजाँचको व्यवस्थालाई आज मिति २०७७/३/२३ गते देखि नै कडाईका साथ कार्यान्वयन गर्ने । यस व्यवस्थाको कार्यान्वयन गर्ने सम्बन्धमा सिन्धुली जिल्लाको प्रवेश विन्दु वि.पि. राजमार्गको चुरे क्षेत्र र प्रस्थान विन्दु (Exit Point) नेपालथोकमा नेपाल प्रहरीबाट चेकजाँचको व्यवस्था मिलाउने ।

५. मिति २०७७/३/२२ गते पाटनस्थित पाटन अस्पतालमा उपचारको सिलसिलामा रहेकी सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं. ९ बागमाराकी ६० वर्षिया महिलामा कोरोना भाईरस पोजेटिभ देखिएको हुँदा प्रारम्भिक रुपमा हिजो मिति २०७७/३/२२ गते नै Contact Tracing गरी सकिएको छ । निज महिलाको घर भएको स्थानमा करीब १२ घर अन्य पनि रहेको हुँदा सो स्थानका सम्पूर्ण बासिन्दाहरुलाई अन्य स्थानमा रहेका समुदायसँगको सम्पर्कमा आउन नदिई कोभिड–१९ को स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालना गराउन सुरक्षाकर्मी अस्पताल र स्वास्थ्य कार्यालयले आवश्यक पर्ने सबै उपाय अपनाउने निर्णय गरियो ।

डिसिसिएमसी सिन्धुली

मिति २०७७।३।१७ गते बुधवार

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ को संक्रमण रोकथामका लागि यस जिल्लामा भएका गतिविधिहरुको बारेमा छलफल गरियो । छलफलका क्रममा उक्त महामारीको रोकथाम र नियन्त्रणका लागि हालसम्म भएका प्रयासहरु सन्तोषजनक नै रहेको पाईयो । यस प्रयासमा जिल्लामा सहयोग पुर्‍याउने सबै राजनीतिक दलहरु, स्थानीय तहहरु, सुरक्षा निकायहरु, सबै सरकारी तथा गैरसरकारी कार्यालयहरु, सञ्चारकर्मीहरु, संघसंस्था तथा आम जनसमुदायहरु प्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि सोही बमोजिम सहयोग एवं समन्वयका लागि यो बैठक हार्दिक अनुरोध गर्न चाहन्छ ।

२. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/३/१५ को निर्णयानुसार यस अघि मन्त्रिपरिषद्को मिति २०७७/२/२८ गतेको निर्णयानुसार जारी गरिएको संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिमको आदेशलाई आगामी मिति २०७७/४/६ गते मंगलबार मध्यरातसम्मका लागि यस जिल्लाभर लागू हुने गरी निरन्तरता दिने ।

३. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ४४१७ मिति २०७७/३/१२ को पत्रबाट अनुरोध भई आएका विषयहरुका सन्दर्भमा आजको बैठकमा छलफल गरियो । प्रस्तुत सन्दर्भमा कोभिड–१९ को संक्रमण रोकथामका लागि यस जिल्लामा रहेका क्वारेन्टिन तथा आइसोलेसन स्थलहरुको जिल्लास्तिरीय कोभिड–१९ संकट व्यवस्थापन केन्द्रका पदाधिकारीहरुबाट तत्काल अनुगमन गरी उल्लेखित पत्रमा औंल्याईएको विषयहरुमा

नियमित रुपमा अनुगमन प्रतिवेदन गृह मन्त्रालय र केन्द्रस्तरीय कोभिड–१९ संकट व्यवस्थापन केन्द्रमा पठाउने निर्णय गरियो।

४. कोभिड–१९ संक्रमण रोकथाम सञ्चालन कोष कार्यविधि, २०७७ लाई स्वीकृत गरी अनुमोदनको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने निर्णय गरियो।

सिन्धुली जिल्ला उद्योग बाणिज्य संघकोसमेतको बैठक

मिति २०७७।२।३० गते शुक्रबार

१. गृह मन्त्रालयको च.नं. ४१५२ पत्र संख्या शा.सु. ०७६/७७–६ मिति २०७७।२।२९ को पत्रमार्फत प्राप्त कोभिड–१९सम्बन्धी नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।२।२८ को बैठकले गरेका निर्णयहरु विश्व स्वास्थ्य संगठनले तय गरेका स्वास्थ्यसम्बन्धी मापदण्डहरुको पालना गर्ने गराउने गरी यस जिल्लामा कार्यान्वयन गर्ने तथा सो निर्णयबाट सूचारु हुने सेवाहरुको सञ्चालन गर्दा उक्त सेवा सञ्चालन गर्ने निकायले अनिवार्य रुपमा २ मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने वा स्यानीटाइजरको प्रयोग गर्ने लगायत जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड पालना गर्न गराउन उद्योग बाणिज्य संघ, सिन्धुलीले आवश्यक सहयोग, कार्यान्वयन तथा समन्वय गर्ने निर्णय गरियो।

डिसिसिएमसी सिन्धुली

मिति २०७७।२।२८ गते बुधबार

१) कोभिड–१९ का कारण जिल्लामा कुनै व्यक्तिको मृत्यु भएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको "शव व्यवस्थापनसम्बन्धी प्रोटोकल, २०७७" बमोजिम नेपाली सेनाले नेपाल रेडक्रस सोसाइटी, सिन्धुली शाखा, सिन्धुली अस्पताल र स्वास्थ्य कार्यालय सिन्धुलीसँगको समन्वयमा शव व्यवस्थापन गर्ने। शव व्यवस्थापनका लागि हाललाई क.न.पा. भित्र रहेको उपयुक्त स्थानको खोजी तत्काल गर्ने।

२) शव व्यवस्थापनका लागि आवश्यक पर्ने व्यक्तिगत सुरक्षा सामाग्री Category I को Full (PPE) सेट र व्याग आवश्यक पर्ने भएकोले सो सामाग्री जिल्ला समन्वय समितिमा खोलिएको कोभिड–१९ खातामा जम्मा भएको रकमबाट खरिद गर्ने।

३) सिन्धुली जिल्लामा हाल आइसोलेशन बेडको संख्या ३३ मात्रै रहेको छ। संक्रमणको दर बढ्दै गएको सन्दर्भमा उक्त संख्या कम हुने भएकोले तत्काल क.न.पा. वडा नं. ६ राममाढीमा रहेको एपोलो अस्पतालमा रहेको २५ वटा वेडलाई आइसोलेशन वेडको रुपमा तयार गरी प्रयोग गर्ने।

४) कोभिड–१९ को विश्वव्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितीमा स्वदेश आउने यस जिल्लाका नागरिकहरुमा जिल्लाको सीमा नाका नजिक क.न.पा. वडा नं. ९ भिमानमा रहेको आजाद स्मृति भवनलाई र नयाँ निर्माण भएको वन कार्यालयको भवनलाई Holding Center को रुपमा प्रयोग गर्ने। भारतबाहेक अन्य मुलुकबाट काठमाडौं हुँदै आउने नागरिकहरुलाई सुनकोशी गाउँपालिकाको प्रगतीशिल मा.वि., रतमाटालाई Holding Center को रुपमा प्रयोग गर्ने।

५) प्रत्येक स्थानीय तहमा कोभिड–१९ परीक्षणको लागि स्वाव संकलन गर्न सिन्धुली अस्पताल र स्वास्थ्य कार्यालय सिन्धुलीले तत्काल तालिम कार्यक्रम संचालन गर्ने।

डिसिसिएमसी सिन्धुली

मिति २०७७।२।१५ गते बिहिबार

१) सिन्धुली जिल्ला विभिन्न १० वटा जिल्लासँग सीमाना जोडिएको जिल्ला भएको र यसका छिमेकी जिल्लाहरुमा कोरोना भाइरस (कोडिभ–१९) को संक्रमण उच्च दरमा बढिरहेको सन्दर्भमा यो जिल्लामा पनि निकट भविष्यमा संक्रमण बढ्ने सम्भावना देखिन्छ। हालका पछिल्ला केही दिन देखि छिमेकी मूलुक भारतबाटसमेत यस जिल्लामा आउनेहरुको संख्या बढि रहेको हुँदा जिल्लामा नै PCR टेस्टको सुविधा हुन अति आवश्यक महसुस गरिएकोले PCR Test को लागि आवश्यक उपकरण सहितको ल्याब स्थापनाका लागि सामाजिक विकास मन्त्रालय, बाग्मती प्रदेश, हेटौंडालाई अनुरोध गर्ने साथै जिल्ला भूसंरक्षण भवनलाई कोभिड–१९ प्रयोगशालाको रुपमा परिणत गर्ने निर्णय गरियो।

२) जिल्लामा हाल आइसोलेशन बेडको संख्या ३३ रहेको र क्वारेन्टिन बेडको संख्या २५९ रहेको छ। बैदेशिक रोजगारीको शिलशिलामा छिमेकी मूलुक भारतमा गएका जिल्लाबासीहरु फर्कने क्रम तिव्र रुपमा रहेकोले क्वारेन्टिन बेड र आइसोलेशन बेडको संख्या थप गर्नु पर्ने भएकोले नगरपालिकाको हकमा कम्तीमा ५०० बेड र गाउँपालिकाको हकमा कम्तिमा २०० बेडको न्यूनतम सुविधा सहितको क्वारेन्टिन बेड र आइसोलेशन बेडको हकमा सदरमुकाममा न्यूनतम ५० बेड संख्या थप गर्न सम्बन्धित सबै पालिकाहरुलाई अनुरोध गर्ने।

३) कोभिड–१९ को जोखिम रोकथाम र न्यूनिकरणको लागि व्यक्तिगत सुरक्षा सामाग्री PPE सेट, संक्रमण जाँचका लागि आवश्यक RDT किट र VTM किटको जिल्लामा अभाव रहेकोले कम्तिमा ५०० थान PPE सेट, २००० थान Rapid Diagnostic Test (RDT) किट र १००० थान Virus Transport Medium (VTM) उपलब्ध गराइदिन प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

४) जिल्लामा PCR ल्याबको स्थापना नभएसम्म स्वाव परिक्षणका लागि हेटौंडा वा काठमाडौं लैजानु पर्ने भएकोले यसको ढुवानीसम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहबाट मिलाउने निर्णय गरियो।

५) हालका पछिल्ला केहि दिन यता छिमेकी मूलुक भारतबाट आउने नेपालीहरुको संख्या बढिरहेको सन्दर्भमा देशका विभिन्न सीमा नाकामा आइपुगेका सिन्धुली जिल्लावासीहरुलाई उनीहरुको बसोबास रहेको स्थानीय तहसम्म ल्याइ पुर्‍याउन यातायातको बन्दोबस्त सम्बन्धित पालिकाले मिलाउने साथै तीनीहरुलाई विश्व स्वास्थ्य संगठनको नर्मस बमोजिम सिधै क्वारेन्टिनमा राखी उनीहरुको नियमित स्वास्थ्य चेकजाँचको व्यवस्था मिलाउने।

## कोभिड-१९ संक्रमणबाट बच्न स्वयं जागरुक भएर स्वास्थ्य सतर्कता अपनाउन अनुरोध

**हाल विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण रोकथामका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार जारी रहेको बन्दाबन्दी हाल थप परिमार्जन सहित केही खुकुलो भई जारी नै रहेको व्यहोरा अवगत नै छ। यसै सन्दर्भमा जारी बन्दाबन्दीलाई थप व्यवस्थित र सुरक्षित बनाउन "बन्दाबन्दीलाई व्यवस्थित गर्नेसम्बन्धी सुरक्षा मापदण्ड-२०७७" जारी भएको छ। यसरी जारी भएको देहाय बमोजिमको मापदण्डको पूर्ण पालना गरी आफू सुरक्षित हुन साथै अरुलाई सुरक्षित बनाइ आफ्नो दैनिक जीवनलाई सहज बनाउन हुन सम्पूर्ण जिल्लावासीहरुमा हार्दिक अपिल गरिन्छ। निम्न बमोजिमको सुरक्षा मापदण्डमा उल्लेख भएका व्यवस्थाहरुको उल्लंघन गरेमा अत्यावश्यक सेवा ऐन, २०२०, मुलुकी अपराध संहिता, २०७४ र स्थानीय प्रशासन ऐन,२०२८ तथा अन्य प्रचलित कानुन बमोजिम कारवाही गरिने व्यहोरासमेत यसै सूचनाबाट जानकारी गराइन्छ।**

**निम्न**

**१. कोभिड-१९ संक्रमणको जोखिम कायम नै रहेको हुँदा सबै नागरिकले स्वास्थ्यसम्बन्धी उच्च सतर्कता अपनाएर वा स्वयं जागरुक भएर मात्र आफ्ना नियमित काम कारवाहीहरु सञ्चालन गर्नु हुन।**

**२. अत्यावश्यक काम बाहेक आफु रहेको आवास/कार्यस्थलबाट अन्यन्त्र आवतजावत नगर्नु हुन।**

**३. आवत जावत गर्दा वा कार्यस्थलमा कार्यरत रहँदा न्यूनतम २ मिटरको सामाजिक दूरी कायम गर्नु गराउनु हुन।**

**४. तोकिएको बस्तु वा सेवाको कारोबार गर्दा वा कार्यस्थलमा कामकाज गर्दा सेवाप्रवाह एवम् आवतजावत लगायतका कार्यमा संलग्न रहने व्यक्तिहरुले अनिवार्य रुपमा मास्क प्रयोग गर्नु हुन र आवश्कता अनुसार साबुन पानी वा सेनिटाइजरको प्रयोग गर्नु हुन।**

**५. तोकिएको सेवा प्रदायक सरकारी कार्यालय, गैरसरकारी निकाय तथा संस्थाहरु/व्यवसायीहरु आदिले आ-आफ्नो निकायबाट सेवाप्रवाह गर्दा सेवाप्रदायक र सेवाग्राहीहरु (क्रेता/बिक्रेता) बिचको २ मिटरको सामाजिक दूरी कायम गर्ने, गराउने सम्भव भएसम्म सामानहरुको सेनिटाइज गर्ने, गराउने व्यवस्था गर्नु हुन।**

**६. विवाह, ब्रतबन्ध, मृत्युसंस्कार, चाडपर्व, पूजापाठ' लगायतका सामाजिक तथा सांस्कृतिक कार्यक्रमहरु गर्नै पर्ने अवस्थामा तोकिएको सामाजिक दूरीको सुनिश्चितता कायम गर्ने गराउने र यस प्रकारका जमघटहरुमा १५ जना भन्दा बढी आगन्तुक व्यक्तिहरुको भेला नहुने व्यवस्था मिलाउनु हुन।**

**७. अत्यावश्यक काममा बाहेक कसैले पनि राती १०:०० बजे देखि विहान ५:०० बजेसम्म हिडडुल नगर्नु हुन।**

**८. मालसमान ढुवानी गर्ने कुनै पनि प्रकारको सवारी साधनहरुले चालक, सहचालक बाहेक अन्य कुनै पनि यात्रुहरुको ओसार पोसार नगर्नु हुन।**

**९. उत्पादनमूलक क्रियाकलाप, उद्योग कलकारखाना, भौतिक पूर्वाधार निर्माण, विकास निर्माण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा गराउँदा एक स्थानमा एक पटकमा १० जना भन्दा बढी व्यक्तिहरु जम्मा हुन नपाउने व्यवस्था सम्बन्धित व्यवस्थापक/ निर्माणकर्ता/उद्योगी/व्यवसायीले मिलाउने, सम्बन्धित कामदार/ श्रमिक/कर्मचारीले पनि अनावश्यक भिडभाड नगर्नु हुन।**

**१०. जेष्ठनागरिकहरु, दीर्घरोगीहरु, सुत्केरी, गर्भवती महिला, दश बर्ष भन्दा कम उमेरका बालबालिका र अशक्तलाई अत्यावश्यक तथा स्वास्थ्य प्रयोजनमा बाहेक आफ्नै घरमा रहनु हुन।**

## जिल्ला प्रशासन कार्यालयबाट सवारी साधन अनुगमन

# प्रयोजन विपरित तथा पास विना अन्तरजिल्ला चलेका सवारी कारवाहीमा

सिन्धुली जिल्लाको विपि राजमार्ग सडकमा सवारीको चाप बढेसँगै सो को अवस्था तथा सवारी पास अनुमतिका विषयमा मिति २०७७ असार ३० गते जिल्ला प्रशासन कार्यालयबाट विपि राजमार्गको हिरापानी र चियावारीमा अनुगमन भएको छ ।

स्वास्थ्य सुरक्षा नअापनाउने गरेको, क्षमताभन्दा वढी यात्रु राख्ने गरेको, पासमा उल्लिखित भन्दा बढी संख्यामा यात्रुहरु बोक्ने गरेको, पास विना अन्यत्र जिल्लाबाट प्रवेश गर्ने गरेको, मालवाहक सवारी साधनले भाडा लिइ यात्रु ओसार पसार गर्ने गरेको, विरामीको नाममा पास लिने र अन्य यात्रुसमेत राखी लैजाने गरेको, एम्बुलेन्सको दुरुपयोग हुने गरेको जस्ता विषयमा जनगुनासो बढेसँगै यस विषय हेर्नका लागि अनुमगन गरिएको हो ।

जिल्ला प्रशासन कार्यालय सिन्धुलीका सहायक प्रमुख जिल्ला अधिकारी ऋद्धि प्रकाश सिटौला, प्रशासकीय अधिकृत भिम बहादुर बस्नेत सहितको टोलीले असार ३० गते विहान ८ बजेबाट गरेको अनुगमनका क्रममा २३ वटा सवारी साधनलाई कारवाही गरिएको छ । कारवाहीमा पर्ने सवारी साधनहरुमा क्षमता भन्दा वढी तथा पासमा



उल्लिखित भन्दा ज्यादा यात्रु राखेको, मालवाहक ट्रकमा भाडा लिई यात्रु बोक्ने गरेको पाइएको छ । यस्ता सवारीलाई ट्राफिक प्रहरीमार्फत कारवाही गरिएको छ । अनुगमनका क्रममा नियम विपरित चलेका पाइएका सवारीसाधनहरुबाट २३ हजार जरिवाना संकलन भएको छ । सामाजिक दूरी कायम नगरी बढी संख्यामा मानिसहरु सवार भएका सवारी साधनमा मास्क पन्जा र सेनिटाइजर प्रयोग गर्न सम्झाई बुझाई र तोकिएको संख्याका मात्र यात्रु राखी पठाइएको छ ।

### विना अनुमति जिल्ला प्रवेश गरेकालाई फिर्ता

यस अनुगमनका क्रममा सर्लाहीबाट ट्रकमा सिन्धुली आएका करिव ३० जना कामदारहरु विहानी समयमा चेकपोष्ट छल्न हिंडदै तथा छोटो रुटमा अटो चढ्दै प्रयोग गर्दै काठमाडौं तर्फ हिंडेको पाइयो । यी व्यक्तिहरुलाई रोकी नाकाका पोष्टहरुमा जानकारी गराई तराई तर्फ जाने सवारी साधनमा फर्काइएको छ ।



## जिल्ला भित्र सार्वजनिक यातायात सञ्चालन गर्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाट जारी सूचना

हाल विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण रोकथामका लागि नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार जारी रहेको बन्दाबन्दी हाल थप परिमार्जन सहित केही खुकुलो भइ जारी नै रहेको व्यहोरा अवगत नै छ । यसै सन्दर्भमा आम नागरिकको दैनिक जीवनचर्यालाई मध्यनजर गरी जारी बन्दाबन्दीको समयमा भौतिक तथा सामाजिक दूरी कायम गरी स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई जिल्ला भित्र देहाय अनुसारको सुरक्षाका उपाय अपनाई सार्वजनिक यातायात सञ्चलान गर्ने सम्बन्धमा यो सूचना जारी गरिएको छ।

१) नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७३२३ को निर्णय कार्यान्वयनका लागि गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको मिति २०७७/३/२५ को पत्रबाट प्राप्त भए अनुसार यस जिल्लाभित्र सार्वजनिक यातायात संचालनका सम्बन्धमा देहाय बमोजिम व्यवस्था मिलाउने:

क) यस जिल्ला भित्र मात्र जोर विजोर प्रणालीमा संचालन हुने गरी निजी सवारी साधन (चालक बाहेक २ जनासम्म र एकै परिवार भित्रका ५ बर्षसम्मका बालबालिका मात्र सवार हुने गरी), -

ख) जोर विजोर प्रणालीमा संचालन हुने गरी निजी मोटर साइकल,

ग) यस जिल्ला भित्र मात्र संचालन हुने गरी ट्याक्सी (चालक बाहेक बढिमा २ जनासम्म र परिवार भित्रका ५ बर्षसम्मका बालबालिका मात्र सवार हुने गरी),

घ) यस जिल्ला भित्र मात्र संचालन हुने गरी यात्रुबाहक सार्वजनिक यातायात जसमा,

- चालक सहित सिट क्षमताको बढिमा ५०%सम्म यात्रु चढ्न पाउने,
- एक पङ्तीको सिटमा सामाजिक दूरी कायम गरी एक जना मात्रै राख्ने,
- सबै यात्रुले अनिवार्य रुपमा मास्कका प्रयोग गर्ने,
- सवारी साधनमा यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधन भित्र स्यानिटाइजरको व्यवस्था गर्ने,
- चालक सहचालकलेसमेत अनिवार्य रुपमा मास्क, स्यानिटाइजर र पन्जा लगाउने,
- सवारी साधनलाई दैनिक निसङक्रमित गर्ने ।

२) यो व्यवस्था लागू रहँदासम्म ट्याक्सी बाहेकका अन्य सार्वजनिक सवारीसाधनले तोकिएको भाडादरको ५०%सम्म थप भाडा लिन पाउने ।

३) जिल्ला भित्रका प्रत्येक स्थानको तोकिएको भाडादर सवारी साधन भित्र सबैले देख्ने स्थानमा टाँस्नु प्र्ने ।

## आर्थिक प्रलोभन देखाउने चालक नियन्त्रणमा

सिन्धुली हुँदे काठमाडौ तर्फ यात्रु लिई जाने क्रममा प्रहरीलाई आर्थिक प्रलोभनमा पार्न खोज्ने चालकलाई भिमान प्रहरीले नियन्त्रणमा लिएको छ ।

मिति २०७७।०३।२९ गते भिमान चेकपोईन्टमा पुर्वबाट काठमाडौं तर्फ जांदै गरेको ना.७.ख ३२३९ न. को. बसमा दश जना यात्रु समेत चौध जना मानिसहरू रहेको पाइएको थियो । नियम विपरित एक जिल्लाबाट अर्को जिल्लामा यात्रु ओसार-पसार नगर्न र सम्बन्धित जिल्लामा पनि सिट क्षमताको ५० प्रतिशत मात्र यात्रु राख्ने व्यवस्था सम्झाई-बुझाई गर्दा बस चालक काठमाडौंका सुदर्शन थापाले डिउटिमा खटिएको प्रहरी कर्मचारीहरुलाई आर्थिक प्रलोभनमा पार्न खोजेका थिए । निजले बन्दाबन्दीको आदेशको अबहेलना गरी कोरोना भाईरस रोग फैलाउन सक्ने कार्य गरेको हुँदा निजलाई नियन्त्रणमा लिइ आवश्यक कारवाही सुरु गरिएको छ, भने सो बसमा सवार यात्रुहरुलाई अर्को चालक व्यवस्था गरी फिर्ता पठाईएको छ ।

# एम्बुलेन्सको दुरुपयोग नगर्ने बारेको सूचना

**काठमाडौँ उपत्यकाको प्रवेशमा केही कडाई गरिएको मौकामा एम्बुलेन्सको दुरुपयोग गरी बिरामी र कुरुवा बाहेक अन्य यात्रुहरुकोसमेत आवागमन हुन गरेको भन्ने सूचनाहरु प्राप्त भएकोले बिरामी र कुरुवाबाहेक अन्य यात्रु आवागमन नगर्नुहुन अनुरोध छ । चेकप्वाइन्टहरुमा एम्बुलेन्सकोसमेत चेकजाँच गरिने र त्यस्तो भए गरेको पाइए कानून वमोजिम कारवाही हुनेसमेत जानकारी गराइन्छ ।**

## कोभिड-१९ बिशेष एम्बुलेन्स

| .एम्बुलेन्स नं | स्थान | चालकको नाम | सम्पर्क नं. |
|---|---|---|---|
| बा २ झ १७४४ | सिन्धुली अस्पताल, सिन्धुली | इन्द्र लोहनी | |
| ज १ च ६९४ | नेपाल रेडक्रस सोसाईटी, सिन्धुली शाखा | चालक अर्जुन श्रेष्ठ | ९८६९८८७२० |
| ज १च १७६४ | नेपाल रेडक्रस सोसाईटी, सित्तलपाटी | चालक राजकुमार भुजेल | ९८४१०५९६६४ |
| बा २१ च ७५२३ | नेपाल रेडक्रस सोसाईटी, माढीबजार | चालक कल्याण पहाडी | ९८०९६८५८१८ |
| बा २१ च ७५२४ | नेपाल रेडक्रस सोसाईटी करकरे | चेत बहादुर दिङवान | ९८६६२७२४६० |
| ज १च १६२५ | नेपाल रेडक्रस सोसाइटी, डाँडीगुरासे | .क.दलबहादुर वि | ९८२३७७९११८ |
| बा २ झ ३८५५ | फिक्कल गा.पा | समिर काफ्ले | ९८४४१९७१९४ |
| बा २१ च ७५२२ | नेपाल रेडक्रस सोसाईटी, रानीचुरी | निसानलामा | ९८१५८२१६१६ |
| ८९५७.बा १९ च | नेपाल रेडक्रस सोसाइटी, लाम्पानटार | पदमलालश्रेष्ठ | ९८१२०५४२२५ |
| ज १च १७४३ | दुधौली नपा टाँडी | मिजास सुनुवार | ९८१४८३७३१८ |
| ज १च १७४४ | दुधौली नपा | विन्दा साह | ९८०७७७४५८५ |
| बा २१ च७५२१ | दुधौली नपा | सुरेश पहाडी | ९८६०९८४१२२ |
| बा २१ च १८३० | सुनकोशी गापा | विमलकुमार कार्की | ९८६२५५७०६३ |

## सिन्धुली जिल्ला स्वास्थ्य क्षेत्रका सम्पर्क व्यक्तिहरु

| सम्पर्क व्यक्ति | पद | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| श्री जितेन्द्र कुमार साह | जनस्वास्थ्यअधिकृत | स्वास्थ्य कार्यालय, सिन्धुली | 9868815087 |
| श्री सन्तोष कुमार माझी | म.ईरमहामारी फोकल पर्सन | स्वास्थ्य कार्यालय, सिन्धुली | 9819982764 |
| डा. लक्ष्मण खड्का | नि.मे.सु. | सिन्धुली अस्पताल, सिन्धुली | 9854042342 |
| डा. प्रसन्न राज भन्डारी | एम.डि.जी.पी. | सिन्धुली अस्पताल, सिन्धुली | 9863815622 |
| श्री सुरेश पासवान | स्वास्थ्य संयोजक | कमलामाई नगरपालिका | 9844029841 |
| श्री केम थापा | स्वास्थ्य सह संयोजक | कमलामाई नगरपालिका | 9844042917 |
| श्री जगदिश मण्डल | स्वास्थ्य संयोजक | दुधौली नगरपालिका | 9861406041 |
| श्री लेखनाथफुयाँल | स्वास्थ्य संयोजक | फिक्कल गाउँपालिका | 9842333170 |
| श्री विरेन्द्र साह | स्वास्थ्य संयोजक | गोलन्जोर गाउँपालिका | 9844098371 |
| श्री राजेश्वर साह | स्वास्थ्य संयोजक | हरिहरपुरगढी गाउँपालिका | 9815392596 |
| श्री रामबेचन साह | स्वास्थ्य संयोजक | तिनपाटन गाउँपालिका | 9814888197 |
| श्री ओम प्रकाश झा | स्वास्थ्य संयोजक | सुनकोशीगाउँपालिका | 9844096136 |
| श्री माधव प्रधान | स्वास्थ्य संयोजक | सुनकोशी गाउँपालिका | 9849345646 |
| श्री महेन्द्र यादव | स्वास्थ्य संयोजक | घ्याङलेख गाउँपालिका | 9848646819 |
| श्री मधु लाखे | स्वास्थ्य संयोजक | मरिण गाउँपालिका | 9844042801 |

## जिल्लामा रहेका एम्बुलेन्सका सम्पर्क नम्वरहरु

| स्थानीय तह/ एम्बुलेन्स धनी | ठेगाना | एम्बुलेन्स नं | चालकको नाम | सम्पर्क नम्वर | समिति अध्यक्षको न. |
|---|---|---|---|---|---|
| सिन्धुली अस्पताल सिन्धुली | कनपा ६ | बा२झ१७४४ | इन्द्र लामा | ९८०९६७६१८२ | ९८५११४१२०९ |
| सिन्धुली अस्पताल सिन्धुली | कनपा ६ | ज१झ३७९ | एकलाल श्रेष्ठ | ९८४१९०५६८५ | ९८५११४१२१० |
| रेडक्रस सोसाइटी जिल्ला शाखा | कनपा ६ बजार | | पदमबहादुर थापा | ९८४४०९५५४६ | ९८४४०४०२१४ |
| रेडक्रस सोसाइटी जिल्ला शाखा | कनपा माडिबजार | बा२१च७५२३ | कल्याण पहाडी | ९८६९१६८३३५ | ९८४४०४०२१४ |
| रेडक्रस सोसाइटी उपशाखा करकरे | करकरे | बा२१च७५२४ | चेतबहादुर डिङडोङ | ९८६६३६२४६० | ९८४४०४०२१४ |
| रेडक्रस सोसाइटी उपशाखा | रानीचुरी | बा२१च७५२२ | निषान घलान | ९८१५८२१६१६ | ९८५४०४१२०४ |
| भिमान पोलिक्लिनिक एण्ड मेडिकल | भिमान | ज१च१११३ | हिरा श्रेष्ठ | ९८१९६५४३४१ | ९८५४०४२६४२ |
| रेडक्रस सोसाइटी उपशाखा | डाँडीगुरासे | ज१च१६२५ | कुमार विक | ९८२३७७९११८ | ९८६४१४०३१८ |
| काजिमान प्रतिष्ठान संस्थान | रानीचुरी | ज१च१६२२ | अम्बर तामाङ | ९८४४०९५३६२ | ९८४२६१३०९८ |
| जनहित सहकारी संस्था लि द्धारा संचालित जनहित समाज | भिमान | ज१च६९२ | लालबहादुर तामाङ | ९८४८२००१२० | ९८६०४७७१४८ |
| रानीवास स्वास्थ्य चौकी | रानीवास | ज१झ३७७ | रामओतार धामी | ९८१९६८३४१० | ९८१९८३४७२९ |
| दुधौली न.पा. | | | | | |
| दुधौली न.पा. | निपाने | ज१झ३७१ | रवि दनुवार | ९८६४१३३०६८ | ९८१९६०१४९१ |
| रेडक्रस सोसाइटी | हत्पते | | सरेश पहाडी | ९८६०९८४१८२ | ९८४४५१४६७३ |
| सिन्धु समाज दुधौली | | ३।०१०२३च४७१५ | नवराज धमला | ९८२५८७९०६३ | ९८०९२९९९८० |
| अरुण ठाकुर | दु.न.पा | | अमरसिह तामाङ | ९८२३८७१६५८ | ९८५४०४२०१२ |
| नेपाल आमा मेमोरियल अस्पताल | दुधौली | बा२१च२१०४ | लालकुमार | ९८१२४२२३१० | ९८०४८२४९६० |
| सिर्थौली प्राथमिक स्वास्थ्य केन्द्र | सिर्थौली | | बिमल मगर | ९८४०७३२६४३ | ९८५४०४२०६५ |
| रेडक्रस सोसाइटी उपशाखा | टाँडी | | मिजास तामाङ | ९८१४८३७३१८ | ९८६१५४१२०५ |
| रेडक्रस सोसाइटी उपशाखा | दुधौली | | बिन्दा साह | ९८०७७७४५८५ | ९८०७७७४५३९ |
| मरिण गा.पा. | | | | | |
| कपिलाकोट प्राथमिक स्वास्थ्य केन्द्र | कपिलाकोट | | निर बहादुर बि.क. | ९८१७८०६७२८ | ९८०९६८६३३९ |
| महादेवस्थान स्वास्थ्यचौकी | महादेवस्थान | | बाबुलाल माझी | ९८१५८८१६८३ | ९८६९६४१६८९ |
| रेडक्रस सोसाइटी | मरिण | | भिम बहादुर भोलन | ९८०३६८९३४५ | ९८१२०६०८०० |
| रेडक्रस सोसाइटी | मरिण | | कपिल ओली | ९८१७८४३१२८ | 98148119076 |
| घ्याङ्गलेक गा.पा. | | | | ९७४४०२४८९७ | 9862556480 |
| रेडक्रस सोसाइटी | तामाजोर | बा२०च६५९३ | धनबहादुर धले | ९८४४१९७१९४ | 9851197135 |
| फिक्कल गा.पा. | | | | ९८६२५५७०६३ | ९८४४२००६६९ |
| फिक्कल गा.पा | फिक्कल | | चेत प्रसाद कापले | ९८६०३६८६७२ | 9854040462 |
| सुनकोशी गा.पा. | | | | | |
| रेडक्रस सोसाइटी उपशाखा | मझुवा | | बिमलकार्की | 9864029164 | ९८६२५५७०६३ |
| रेडक्रस सोसाइटी | सितलपाटी | | राजकुमार भुजेल | 9844596417 | ९८६०३६८६७२ |
| रेडक्रस सोसाइटी उपशाखा | पूरानो झागाझोली | ज१च१४३९ | संदिप कोजु | 9841059550 | ९८४४५६१०४४ |
| रेडक्रस सोसाइटी उपशाखा | झागाझोली रातमाटा | बा१च३४४४ | संतोष श्रेष्७ | 9863370039 | 9864029164 |
| रेडक्रस सोसाइटी | दुम्जा | ज१च१७६६ | सुवास माझी | 9842604716 | 9844596417 |
| आत्मीय सामुदायीक अस्पताल | खाल्टे | | काले सार्की | 9843105676 | 9841059550 |
| हरिहरपुरगढी गा.पा. | | | | | |
| रेडक्रस सोसाइटी | महेन्द्रभ्याडी | | जयलाल राई | 9863370039 | 9744077059 |
| रेडक्रस सोसाइटी | क्यानेश्वर | | सुमन मोक्तान | 9842604716 | 9854042911 |
| पिपलमाडी स्वा.चौ | पिपलमाडी | गअपच३९३ | अजयराई | 9843105676 | 9854042906 |
| गोलन्जोर गा.पा. | | | | | |
| शुभ जिवन हस्पिटल | खुर्कोट | | प्रदिप देवकोटा | 9861354485 | ९८६१३७४४८५ |
| सुनकोशी सामुदायीक अस्पताल | खुर्कोट | | दिपक मगर | 9826851939 | ९८४४०४५१३० |
| गोलन्जोर गा.पा. | ग्वाल्टार | | चन्द्र बहादुर थापा | 9844141718 | ९८५४०४१५५० |
| तिनपाटन गा.पा | | | | | |
| रेडक्रस सोसाइटी उपशाखा | लाम्पान्टार | बा१९च९८५७ | पदमबहादुरश्रेष्ठ | ९८१२०५४२२६ | ९८४४०४०२१५ |
| बेलघारी प्राथमिक स्वास्थ्य केन्द्र | तिनपाटन | बा२झ३९७१ | टंक बहादुर पाख्रिन | ९८१०३३५०५७ | ९८५४०४२२३१ |
| तिलकुमारी स्मृत प्रतिष्ठान | तिनपाटन | | रमेश श्रेष्ठ | 9812154627 | 9844543142 |

## क्वारेन्टिनमा योगध्यान र आयुर्वेदीक औषधि वितरण

जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र सिन्धुलीले जिल्लाका क्वारेन्टिनस्थलहरुमा रोग प्रतिरोधात्मक क्षमता बढाउने औषधि वितरण गर्नुका साथै योगध्यान अभ्यास गराएको छ । जेठ महिनाको १५ गते, २३ गते, २८ गते र असार ३ गते औषधि वितरण र योगाभ्यास गराएको हो ।

शरिरमा रोग प्रतिरोधात्मक क्षमता अभिबृद्धि गर्न सहि तरिकाको आहार, विहार, व्यवहार र विचारमा ध्यान पुर्‍याउन जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका तर्फबाट आयुर्वेद चिकित्सक सहितको टोलीले क्वारेन्टिनस्थलहरुमा अभिमुखिकरण गरेको छ ।

कमलामाई नगरपालिकाका क्वारेन्टिनस्थलहरु वडा नं ६ को भुसंरक्षण क्वारेन्टिन वडा नं १४ को जनता मा.वि., वडा नं ९ को जनजागृति मा.वि. र आधारभुत विद्यालय, तिनपाटन गा.पा.को लाम्पान्टार क्याम्पस साथै ट्राफिक चेकपोष्टमा रहेका सुरक्षाकर्मी, जनप्रतिनिधि र क्वारेन्टिनमा बसेका व्यक्तिहरु गरी ८० भन्दा वढी व्यक्तिलाई औषधि वितरण गरिएको छ ।

हाल उपलब्ध सवै औषधि वितरण गरिएको र थप प्राप्त भएमा अन्य क्वारेन्टिनस्थलहरुमासमेत वितरण गर्ने योजना रहेको केन्द्रले जनाएको छ ।

# सिन्धुलीमा थप एक कोरोना संक्रमित, एघार जना संक्रमित मध्ये सात जना डिस्चार्ज, चारको उपचार हुँदै

असार ८ गते सिन्धुली अस्पतालमा उपचाररत ३ जना पुरुषहरु संक्रमण मुक्त भई फर्किएका छन् । त्यसैगरी असार २२ गते सिन्धुली अस्पतालको आइसोलेनमा रहेका ३ जना व्यक्तिहरु कोभिड-१९ जितेर डिस्चार्ज हुनु भएको छ । निको भएर गएका व्यक्तिहरुमा क. न. पा ७ का २५ बर्ष पुरूष, क. न. पा १० का १८ बर्ष पुरूष र दुधौली नगरपालिका ८ का ४८ बर्ष पुरूष हुनुहुन्छ ।

कोरोना संक्रमण भई सिन्धुली अस्पतालको आइसोलेन वार्डमा उपचार गराएका ११ जना मध्ये हालसम्ममा ७ जना संक्रमण मुक्त भई फिर्ता भईसक्नु भएको छ । बाँकी ४ जना आईसोलेसन वार्डमा उपचारको क्रममा हुनुहुन्छ । उपचाररत सबैको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ ।








फोटोहरुः- कोरोना भाइरस संक्रमणमुक्त भई सिन्धुली अस्पतालबाट विदाइका क्रममा

## भारतबाट आएका थप एक जनामा कोरोना संक्रमण

सिन्धुलीको मरिण गाउँपालिकाकामा भारतबाट आएका एक पुरुषमा असार ३० गते कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । संक्रमितलाई उपचारका लागि सिन्धुली अस्पतालमा ल्याइएको छ ।

## सिन्धुलीबाट रेफर भएका संक्रमितको धुलिखेल अस्पतालमा उपचार हुँदै

सिन्धुली अस्पतालबाट रिफर गरिएका सुनकोसी गाउँपालिकाका ४७ वर्षका एकजना कोरोना संक्रमित पुरुषको धुलिखेल अस्पतालमा भेन्टिलेटरमा राखेर उपचार भइरहेको छ । उपचारको क्रममा जटिलता देखिएपछि रेफर गरिएको थियो । कोरोना भाइरसको संक्रमण देखिएर सिन्धुली अस्पतालको आइसोलेसनमा उपचारका लागि भर्ना भएकामध्ये ७ जना भने निको भएर घर फर्किसकेका छन ।

## सिन्धुली अस्पतालमा मृत्यु भएकी बर्दिबासकी महिलाको कोरोना रिपोर्ट नेगेटिभ

असार ३ गते बिहीबार बर्दिवास ३, पाटु, महोत्तरीबाट सिन्धुलीको घ्याङलेख १ सिम्ले स्थित माईती घरमा आई बसेकी २१ बर्षीय महिलालाई अत्याधिक ज्वरो आई स्वास प्रस्वासमा समस्या आएपछि उपचारका लागि सिन्धुलीअस्पताल ल्याइएको थियो । इमरजेन्सी कक्षमा उपचारको क्रममा साँझ ८:३० बजे निजको मृत्यु भएको र COVID-19 संग मिल्दोजुल्दो लक्षण भएको हुँदा बिहीबार साँझ स्वाब परिक्षणको लागि काठमाडौं टेकु पठाईएकोमा निजको रिपोर्ट नेगेटिभ आएको छ ।

**मिति २०७७ असार ३१ गतेसम्म सिन्धुली जिल्लाको कोभिड-१९ को परीक्षण विवरण**

| स्थानीय तह | हाल क्वारेन्टिनमा रहेका | हालसम्म क्वारेन्टिनबाट फिर्ता | आइसोलेसनमा रहेका | हालसम्म आइसोलेसनबाट फिर्ता | हालसम्म RDT परीक्षण संख्या | हालसम्म PCR परीक्षण संख्या |
|---|---|---|---|---|---|---|
| कमलामाई न.पा. | ४५ | २०९ | ० | ० | ५७२ | ४१३ |
| दुधौली न.पा. | ६२ | १७८ | ० | ० | १५९ | २३८ |
| तीनपाटन गा.पा. | ४ | ७ | ० | ० | ६७ | ८६ |
| गोलन्जोर गा.पा. | १ | ९ | ० | ० | ६९ | २६ |
| घ्याङलेख गा.पा. | ० | १ | ० | ० | १४ | ६ |
| फिक्कल गा.पा. | ६ | ३ | ० | ० | २९ | ५ |
| मरिण गा.पा. | १० | ८६ | ० | ० | १२० | ३८ |
| हरिहरपुरगढी गा.पा. | ३ | १८ | ० | ० | १०८ | २१ |
| सुनकोशी गा.पा. | ३ | २१ | ० | ० | ६१ | ३६ |
| सिन्धुली अस्पताल | ० | ० | ४ | २३ | ० | ० |
| जम्माः | १३४ | ५३२ | ४ | २३ | ११९९ | ८६९ |

## सिल गरिएका भिमान र बागमारा खुल्ला

बैशाख ३१ गते सुनसरीबाट सिन्धुली हुँदै भक्तपुर गएकी एका महिलामा कोरोना संक्रमण देखिएपछि निजले खाना खाएको स्थान भिमान एरिया सिल गरिएको थियो । यस क्रममा आसपासका ५ घरका ४१ जनालाई १४ दिन होम क्वारेन्टिनमा राखिएको र १७ जनाको स्वाव परिक्षण गर्दा सवैको रिपोर्ट नेगेटिभ आए पश्चात उक्त एरिया सिल हटाइएको छ । यसै गरी असार २२ गते ललितपुर पाटन अस्पतालमा उपचारको क्रममा कोरोना पुष्टि भएका ६० बर्षकी महिला सिन्धुलीको बागमाराबाट १९ गते गएको देखिएसँगै उक्त एरिया सिल गरिएको थियो । यस क्रममा १५ घर सिल गरी स्थानीयलाई होम क्वारेन्टिनमा राखिएको र २४ गते परिवारका सदस्य तथा स्थानीय १७ जनाको स्वाव परीक्षण पठाइ २६ गते नेगेटिभ रिपोर्ट आएपश्चात त्यस क्षेत्रमासमेत सिल हटाइएको छ ।

## जिल्ला प्रशासन कार्यालयमा प्राप्त स्वास्थ्य सामग्री विभिन्न निकायलाई हस्तान्तरण

विभिन्न सहयोगी संस्थाहरुबाट कोभिड-१९ प्रतिरोध एवं उपचारका लागि अत्यावश्यक स्वास्थ्य सामग्री जिल्ला प्रशासन कार्यालयमा प्राप्त भएको छ । प्राप्त भएका सामग्रीहरुमा पिपिइ सेट, थर्मल गन, मास्क, पन्जा लगायत रहेका छन् । यी सामग्रीहरु सिन्धुली जिल्लाका अस्पताल, स्थानीय निकाय तथा सुरक्षा निकायहरुलाई उपलब्ध गराइएको छ ।

**जिल्ला प्रशासन कार्यालयमा उपलब्ध हुन आएको स्वास्थ्य सामग्री (सर्जिकल मास्क, KN 95 मास्क र स्यानिटाइजर)**

| सि नं | उपलब्ध गराउने संस्था | स्यानीटाइजर | ग्लोव्स | सर्जिकल मास्क | KN 95 मास्क |
|---|---|---|---|---|---|
| १ | रिलिफ नेपाल सिन्धुली | १० बोतल | १५ बट्टा | २००० थान | १४० थान |
| २ | सहकार्य नेपाल सिन्धुली | २५० पिस | ७ प्याकेट | १५०० थान | |
| ३ | नेपाल रेडक्रस सोसाइटी सिन्धुली | १२५ थान | | | २० थान |

**जिल्ला प्रशासन कार्यालयमा उपलब्ध हुन आएको स्वास्थ्य सामग्री (पिपिइ सेट र थर्मल गन)**

| सि नं | उपलब्ध गराउने संस्था | पिपिइ सेट | थर्मल गन | कैफियत |
|---|---|---|---|---|
| १ | वर्ल्ड भिजन ललितपुर | 30 सेट | ४ थान | मिति १।११ |

**विभिन्न निकायलाई उपलब्ध गराइएको पिपिइ सेट, थर्मल गन**

| सि नं | बुझाइएको निकाय | पिपिइ सेट | थर्मल गन | कैफियत |
|---|---|---|---|---|
| १ | सिन्धुली अस्पताल | १० | १ | मिति १।१२ |
| २ | घ्याङलेक गाँउपालिका | २ | १ | मिति १।१३ |
| ३ | फिक्कल गाँउपालिका | ४ | १ | मिति १।१४ |
| ४ | तिनपाटन गाँउपालिका | २ | | मिति १।१५ |
| ५ | सुनकोशी गाँउपालिका | २ | १ | मिति १।१८ |
| ६ | गोलन्जोर गाँउपालिका | २ | | मिति २।२ |
| ७ | दुधौली नगरपालिका | २ | | मिति २।२ |
| ८ | मरिण गाँउपालिका | २ | | |

**विभिन्न निकायलाई उपलब्ध गराइएको सर्जिकल मास्क, KN 95 मास्क र स्यानिटाइजर**

| सि नं | बुझाइएको निकाय | सर्जिकल मास्क | KN 95 मास्क | स्यानिटाइजर | कैफियत | ग्लोभ्स |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय सिन्धुली | १४०० | २००पिस र ८ बट्टा | १००पिस र ५ बोतल | २।१५ र ३ १८ मा | १० बट्टा |
| २ | सशस्त्र प्रहरी बल आश्रित गुल्म | ६०० | १००पिस र ३ बट्टा | ६० पिस र २ बोतल | २।१५ र ३ १८ मा | ४ वट्टा |
| ३ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ५० | २४ पिस | १२ पिस | २।१५ | १२ वट्टा |
| ४ | जिल्ला प्रशासन कार्यालय र आगन्तुक | १५५० | ६० पिस | ४८० पिस | २।१६ | १२ वट्टा |
| ५ | बर्द बहादुर गण ठूलीटार व्यारेक | २०० | १ प्याकेट | | ३।११ | १ वट्टा |

## विदेशबाट जिल्ला आएका सबै व्यक्तिलाई अनिवार्य क्वारेन्टिनमा

भारत लगायत तेस्रो मुलुकबाट नेपाल प्रवेश गरी सिन्धुली जिल्ला ठेगाना भएका व्यक्तिहरुलाई जिल्लाका विभिन्न क्वारेन्टिनमा राखि तोकिएको अवधि पूरा भएपछी घर पठाउने गरिएको छ । २०७७ असार मसान्तसम्ममा भारत लगायत तेस्रो मुलुकबाट ५२८ जना सिन्धुली प्रवेश गरेका छन् । होल्डिङ सेन्टरबाट तथा नेपाल-भारतका विभिन्न नाकाबाट आएका व्यक्तिहरुलाई यसरी क्वारेन्टिनमा राख्ने गरिएको हो ।

सिन्धुली जिल्लामा २०७७ बैशाख १ भन्दा पछाडी विदेशबाट आएका व्यक्ति

| स्थानीय तह | भारत | तेस्रो मुलुक | जम्मा |
|---|---|---|---|
| कमलामाई नगरपालिका | १७४ | ५७ | २३१ |
| दुधौली नगरपालिका | १४६ | २४ | १७० |
| तीनपाटन गाँउपालिका | ६ | ७ | १३ |
| गोलन्जार गाँउपालिका | १६ | ५ | २१ |
| घ्याङलेख गाँउपालिका | १ | ६ | ७ |
| फिक्कल गाँउपालिका | १८ | १६ | ३४ |
| मरिण गाँउपालिका | १० | १० | २० |
| हरिहरपुरगढी गाँउपालिका | ८ | ८ | १६ |
| सुनकोशी गाँउपालिका | ९ | १४ | २३ |
| जम्मा | ३८८ | १४७ | ५३५ |

## सिन्धुलीमा तेत्तिसहजार घरधुरीलाई राहत वितरण

कोरोना भाइरसको महामारीका कारण दैनिक गुजारा गर्न समस्या परेका गरिव विपन्न तथा दैनिक ज्यालादारी मजदुरहरुलाई राहत वितरण गरिएको छ । हालसम्ममा जिल्लाका ३३,३२७ घरधुरीलाई विभिन्न स्थानीय तहहरुमार्फत राहत वितरण भएको छ ।

**हालसम्म राहत प्राप्त गर्ने घरधुरी संख्या**

| न.पा./गा.पा. | हालसम्म राहत प्राप्त गर्ने घरधुरी संख्या |
|---|---|
| कमलामाई नगरपालिका | ८९१४ |
| दुधौली नगरपालिका | ७०९१ |
| तीनपाटन गाँउपालिका | २८९२ |
| गोलन्जार गाँउपालिका | २५७९ |
| घ्याङलेख गाँउपालिका | ७०६ |
| फिक्कल गाँउपालिका | १६६४ |
| मरिण गाँउपालिका | ६१०१ |
| हरिहरपुरगढी गाँउपालिका | ८६७ |
| सुनकोशी गाँउपालिका | २५०५ |
| जम्मा | ३३३२७ |

## मास्क प्रयोग नगरेका सेवाग्राहीलाई प्रवेश विन्दुमै रोक लगाउनेसम्बन्धी सूचना

**जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्रको मिति २०७७।३।२३ गते बसेको बैठकको निर्णयानुसार सबै सरकारी तथा गैरसरकारी कार्यालय तथा संघ संस्थाले मास्क प्रयोग नगरेका सेवाग्राहीलाई कार्यालय प्रवेश विन्दुमानै अनिवार्य रुपमा रोक लगाई भित्र प्रवेश गर्न नदिने व्यवस्था अपनाउनहुन सूचित गरिएको छ ।**

# कोभिड प्रतिरोधका लागि स्वास्थ्य पूर्वाधार तथा सामग्री तयार

# सिन्धुलीमा ४३५ क्वारेन्टिन बेड, तेत्तिस आइसोलेसन वेड सहित सामग्री रहेको

यस जिल्लामा हालसम्म ३३ वटा आइसोलेन वेड तयार गरिएको छ । कोभिड अस्पतालको रुपमा रहेको सिन्धुली अस्पतालमा १४ वेड क्षमताको आइसोलेसन बार्ड तयार गरिएको छ भने तीनपाटन गा.पा.मा ८ वटा र दुधौली न.पा.मा ३ वटा र अन्य गा.पा. हरुमा २-२वटा आइसोलेसन बार्ड तयार रहेका छन् । साथै ४५५ वटा क्वारेन्टिन बेड तयार रहेका छन् ।

यसका साथै कुल ४८७ पिपिइ सेट १५५ थर्मल गनसमेत रहेका छन् । यी पूर्वाधारहरु कोभिड-१९ को प्रतिरोध तथा उपचारका लागि अत्यावश्यक रहेका छन् ।

कोभिड-१९ प्रतिरोधका लागि उपलब्ध पूर्वाधार र सामग्री

| न.पा.गा.पा. | पिपिइ सेट | थर्मल गन | क्वारेन्टिन बेड संख्या | आइसोलेसन वेड संख्या |
|---|---|---|---|---|
| कमलामाई नगरपालिका | ७ | २५ | ५७ | ० |
| दुधौली नगरपालिका | १०० | २८ | ११० | ३ |
| तीनपाटन गाँउपालिका | ४ | ११ | ३२ | ८ |
| गोलन्जार गाँउपालिका | ४ | ९ | २८ | २ |
| घ्याङलेख गाँउपालिका | ५१ | १२ | १०० | ० |
| फिक्कल गाँउपालिका | ९८ | २० | ८ | २ |
| मरिण गाँउपालिका | ५५ | १५ | ५० | २ |
| हरिहरपुरगढी गाँउपालिका | ६ | ८ | २० | ० |
| सुनकोशी गाँउपालिका | ५८ | २० | ३० | २ |
| सिन्धुली अस्पताल | १०४ | ७ | ० | १४ |
| जम्मा | ४८७ | १५५ | ४३५ | ३३ |











फोटोहरु (माथिबाट तल क्रमशः) भूसंरक्षण क्वारेन्टिनस्थल (२), सिन्धुली अस्पताल आइसोलेसन वेड, आरडिटी परीक्षण र स्वाव संकलन

## क्वारेन्टिन एवं आइसोलेशन स्थलहरु मापदण्ड अनुसार हुनुपर्ने, डिसिसिएमसीबाट नियमित अनुगमन हुने

कोभिड-१९ को संक्रमणबाट जोगिन नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरुले जिल्लास्थित विभिन्न स्थानमा गरेका स्वास्थ्य परीक्षण, क्वारेन्टिन, आइसोलेशनहरुमा न्यूनतम मापदण्ड र सुविधाहरु हुनुपर्ने भएको छ । गृह मन्त्रालयले मितिः २०७७।०३। १२ मा क्वारेन्टिन आइसोलेनशनहरुमा न्यूनतम मापदण्ड र सुविधाको निरन्तर अनुगमन गर्न डिसिसिएमसीलाई निर्देशन दिएको हो ।

संक्रमणको जोखिमलाई कम गर्न विभिन्न प्रयासहरु वाबजुद पनि संक्रमणको जोखिम बढ्दै गईरहेको छ । कतिपय क्वारेन्टिन एवं आइसोलेशन स्थलहरुमा न्युनतम सुविधाहरु पनि उपलव्ध हुन नसकेको भन्ने गुनासोहरु प्राप्त हुन थालेको छ । यस्तो अवस्थामा उक्त स्थलमा बसेका व्यक्तिहरु बस्न नचाहने एवं बिरामी हुने गरेका सन्दर्भमा जिल्लास्तरीय कोभिड-१९, संकट व्यवस्थापन केन्द्रले जिल्लाभित्र रहेका क्वारेन्टिन, आइसोलेशन तथा होल्डिङ सेन्टरहरुको नियमित रुपमा स्थलगत अनुमगन गर्न निर्देशन दिएको छ ।


अनुगमनका क्रममा स्थलहरुमा पर्याप्त मात्रामा स्वास्थ्यकर्मीहरु कार्यरत रहे/नरहेको जाँच गर्ने र "कोरोना भाइरससम्बन्धी क्वारेन्टिन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड-२०७६" मा उल्लेख भएका सुविधाहरु उपलब्ध भए नभएको जाँच गरिने र सो को प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमार्फत मन्त्रालयमा पठाइने व्यवस्था मिलाइएको छ ।

# सिन्धुलीमा दैनिक सरदर एक हजार सवारी भित्रँदै, त्यति नै संख्यामा बाहिरिँदै

## असार महिनामा ६० हजार यात्रु भित्रिए ४८ हजार यात्रु बाहिरिए

असार महिनामा सिन्धुली जिल्लामा प्रवेश गरेका यात्रुको संख्या ६०,८२९ रहेको तथ्याङ्कमा देखिएको छ भने जिल्लावाट ४८,०४२ संख्यामा यात्रुहरु वाहिरिएको पाइएको छ । भित्रने र वाहिरिने यात्रुको संख्याको फरकलाई हेर्दा असार महिनामा

असार महिनाको २८ गते सम्ममा जिल्लामा भित्रिएको र बाहिरिएको यात्रु संख्या





१२,७८७ यात्रु सिन्धुली जिल्लामै रहेको तथ्यांकले देखाउँछ ।

प्रहरी चेकपोष्टको तथ्यांक अनुसार विपि राजमार्ग अन्तर्गत जिल्ला प्रवेश गर्ने भिमान नाकाबाट दैनिक औषत ४१५ सवारी साधन भित्रने गरेको देखिएको छ । जसमा लगभग १५ वटा हाईस सुमो १३० ट्रक, १०० कार जिप १०० दाना खाद्यान्न बोक्ने बोलेरो १०० मोटरसाइकल, ३० वटा एम्बुलेन्स औषतमा चल्ने गरेका छन् । यी सवारी साधनहरु कुशेश्वर नाका हुँदै काठमाडौं तर्फ लाग्ने गरेका छन् ।

त्यसैगरी विपि राजमार्गकि कुशेश्वर दुम्जा नाकावाट दैनिक औषत ५१५ सवारी साधन भित्रने गरेको देखिएको छ । जसमा दैनिक लगभग १५

| नाका | प्रवेश गरेको यात्रु संख्या | बाहिरिएको यात्रु संख्या | प्रवेश र वाहिरिएको फरक |
|---|---|---|---|
| कुशेश्वर दुम्जा (काभ्रे तर्फ) | ३२,२६२ | १६,४२० | १५,८४२ |
| भिमान( महोतरी तर्फ) | २२,४३५ | २४,९०९ | (२,४७४) |
| खुर्कोट (रामेछाप बाट ) | ३,१७५ | ३,५५६ | (३८१) |
| खाङसाङ (उदयपुर तर्फ) | २,६८३ | २,९६१ | (२७८) |
| दुधौली सिम्राहि (उदयपुर तर्फ) | २१९ | १६५ | ५४ |
| दूधौली खोक्सा (उदयपुर तर्फ ) | ५५ | ३१ | २४ |
| क्यानेश्वर (सर्लाही तर्फ) | - | - | - |
| हरिहरपुर गढी (मकवानपुर तर्फ) | - | - | - |
| **जम्मा** | ६०,८२९ | ४८,०४२ | १२,७८७ |




वटा हाईस सुमो, ६० ट्रक, २०० कारजिप, १०० दाना खाद्यान्न बोक्ने बोलेरो १०० मोटरसाइकल, ४० वटा एम्बुलेन्स चल्ने देखिएको छ । यी सवारी साधनहरु भिमान नाका हुँदै तराइ जान जिल्ला वाहिरेने गरेका छन् ।

खाङसाङ नाकावाट उदयपुर तर्फ दैनिक औषत ३० सवारी भित्रने देखिएको छ । जसमा ५ वटा सुमो बुलेरो, ५ वटा कार जिप, ५ ट्रक, ५ एम्बुलेन्स, १० मोटरसाइकल रहने संख्या पाइएको छ भने लगभग यति नै संख्यामा सवारी वाहिरिने देखिएको छ । रामेछाप तर्फबाट जिल्ला प्रवेश गर्ने खुर्कोट नाकावाट दैनिक सरदर ५ सुमो, १० कार जिप, २५ ट्रक, ५ एम्बुलेन्स, १० मोटरसाइकल जिल्ला भित्रने र लगभग केही वढी संख्यामा सवारी वाहिरिने गरेको देखिएको छ ।

जिल्लाको शान्ति सुरक्षा, विपद्को अवस्था, कोभिड-१९ को अवस्था आदि वारेमा जिल्ला प्रशासन कार्यालयको वेभसाइट daosindhuli.moha.gov.np तथा फेसबुक पेज facebook/daosindhuli बाट आवश्यक जानकारी तथा सूचनाहरु प्राप्त गर्नुहुन अनुरोध छ ।



प्रकाशक

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय सिन्धुली

**जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र सिन्धुली**
**Covid 19 Crisis Management Center (DCCMC) Sindhuli**

facebook/daosindhuli
cdosindhuli@gmail.com
daosindhuli.moha.gov.np भित्र कोभिड-१९ CMC
047-520610